# स्थानीय राजपत्र

**तिनाउ गाउँपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड २) तिनाउ गाउँपालिका, मिति: २०७८/०१/०९**

**भाग–२**

**तिनाउ गाउँपालिका, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्व सधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७७ सालको कार्यविधि**

**कार्यविधिको नाम : तिनाउ गाउँपालिकाको बाल राहत, उद्दार तथा पूर्नस्थापना कोष कार्यविधि, २०७७**

गाउँ कार्यपालिकाबाट पारित मिति: २०७७/१२/३१

**प्रस्तावना** :

तिनाउ गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने १८ वर्ष मुनीका विपन्न, अभिभावक विहिन तथा समस्यामा परेका बालबालिकाहरुको राहत, उद्दार तथा पूर्नस्थापना गर्नको लागि बाल राहत कोष परिचालन गर्नका लागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (२) बमोजिम तिनाउ गाउँपालिकाको कार्यपालिकाको मिति २०७७/१२/३१ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"बाल राहतउद्दार तथा पूर्नस्थापना कोष २०७७"** रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"बाल सञ्जाल संयोजक"** भन्नाले गाउँपालिका स्तरीय बाल सञ्जालको संयोजकलाई सम्झनु पर्दछ ।

च) **"लेखा प्रमुख"** भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन ईकाइको प्रमुखलाई सम्झनु पर्दछ ।

छ) **"फोकल पर्सन"** भन्नाले बालमैत्री स्थानीय शासन सम्बन्धि कार्य गर्न कार्यालयले तोकेको कर्मचारी सम्झनु पर्दछ ।

ज) **"वडा कार्यालय"** भन्नाले गाउँपालिका भित्रका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

झ) **"समिति"** भन्नाले यसै कार्यविधि अनुसार गठित समिति सम्झनु पर्दछ ।

ञ) **"कोष"** भन्नाले तिनाउ गाउँपालिकाको बाल राहत, उद्दार तथा पूर्नस्थापना कोष २०७६ सम्झनु पर्दछ ।

## ३. कार्यविधि लागु हुने क्षेत्र र सेवा :

क) यस गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने बालबालिकाहरुको राहत तथा उद्दार, पूर्नस्थापना गर्नुपरेमा कोषको अवस्था हेरी सहयोग गर्ने ।

ख) सहयोग प्रदान गर्दा वडास्तरिय बाल सञ्जाल र वडा कार्यालयको सिफारिस तथा कोष परिचालन समितिको सिफारिसमा गरीनेछ ।

ग) सहयोग माग गर्ने बालबालिका तिनाउ स्थायी बासिन्दा भएको हुनु पर्नेछ ।

घ) सहयोग रकम जम्मा गर्न चाहने जुनसुकै व्यक्ति संघ संस्थाले गर्न सक्ने छ ।

## ४. कोष परिचालन समितिः

क) वडास्तरिय बाल सञ्जालको सिफारिसमा वडा कार्यालयले कोष परिचालन समितिलाई आवश्यक विवरण खुलाई सिफारिस गर्नु पर्नेछ ।

ख) समितिले आवश्यकता, औचित्य र कोषको अवस्था हेरी सहयोग वितरणका लागी गाउँपालिकालाई सिफारिस गर्नेछ ।

ग) कोष परिचालन, व्यबस्थापन तथा सहजिकरणका लागी देहाय बमोजिमको समिति रहनेछ ।

संयोजक - उपाध्यक्ष तिनाउ गाउँपालिका

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - आर्थिक प्रशासन ईकाइ प्रमुख

सदस्य - बाल सञ्जालको गाउँपालिका स्तरिय अध्यक्ष

सदस्य सचिव - फोकल पर्सन बालमैत्री स्थानीय शासन कार्यक्रम तिनाउ गाउँपालिका समितिले कागजात र अवस्थाको अध्ययन गरी के कति सहयोग गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

**५. बिविधः**

(क) यस कार्यविधि कार्यान्वयनका क्रममा थप व्यबस्था गर्नु परेमा गाउँपालिकाको ऐन कानून तथा प्रचलित कानून नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यक संशोधन, परिमार्जन वा खारेज गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

प्रमाणीकरण मिति : २०७८/०१/०९

ओम बहादुर घर्तिमगर
गाउँपालिका अध्यक्ष